# कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड

को

## बाह्रौ वार्षिक साधारण सभाका

## निर्णयहरु

सभा मिति : २०७८ पुस ३० गते शुक्रवार

सभा समय : बिहान ९ : ०० बजे

सभा स्थान : होटल टाक्स इन्टरनेशनल प्रा.लि.कास्की पोखरा ।

१. **बैधानिक सभा :**

मिति २०७८ पुस ०८ गते बसेको यस कालिका लघुवित्त वित्तीय संस्था लिमिटेडको संचालक समितिको २१२ औं बैठकको निर्णयअनुसार बोलाईएको संस्थाको बाह्रौ वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति : २०७८ पुस ३० गते शुक्रवार (तद्नुसार १४ जनवरी, २०२२)

२.२ स्थान : होटल टाक्स इन्टरनेशनल प्रा.लि.कास्की पोखराको सभाहल ।

२.३ समय : विहान ०९ : ०० बजे

३. **सभाको सूचना :**

३.१ मिति २०७८ पुस ०८ गते बसेको संचालक समितिको २१२ औं बैठकले संस्थाको बाह्रौ वार्षिक साधारण सभा २०७८ पुस ३० गते शुक्रवार बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सभा हुने मिति, स्थान र छलफल गर्ने बिषयहरु समेत उल्लेख गरी बाह्रौ वार्षिक साधारण सभा हुनुभन्दा २१ दिन अगावै शेयरधनीहरुलाई सभाको जानकारी गराउनु पर्नेमा २२ दिन अगाडी नै मिति २०७८ साल पुस ०९ गते राष्ट्रिय स्तरको अभियान दैनिक पत्रिकामा सूचना प्रकाशित गरी मिति २०७८ पुस २२ गते सोही अभियान राष्ट्रिय दैनिक पत्रिकामा पूनः स्मरणार्थ सूचना प्रकाशित गरिएको थियो ।

३.२ उल्लेखित बाह्रौ वार्षिक साधारण सभाको सूचनाको साथमा संचालक समितिको तर्फवाट पेश हुने साधारण तथा विशेष प्रस्तावहरु संलग्न गरी सूचना प्रकाशित गरिएको व्यहोरा सभामा जानकारी गराईएको थियो ।

४. **गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा यस संस्थाको नियमावली ~~२०७१~~ २०६६ को नियम २३ मा गणपुरक संख्याको सम्बन्धमा "पब्लिक कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर धनीहरुमध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् र आफ्नो प्रतिनिधि मार्फत उपस्थित नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख भएकोमा आजको बाह्रौ वार्षिक साधरण सभामा ४२ जना शेयरधनीहरु स्वयम् वाट ४०९४६९ कित्ता शेयर र १५३ जना शेयरधनीको प्रतिनिधि मार्फत १०९७३६२ कित्ता गरी १५०६८३१ कित्ता उपस्थिति भएको हुँदा सभा सञ्चालनको लागी आवश्यक गणपुरक संख्या पुगेको साथै सोहि बमोजिम बाँडफाँड भएको कुल शेयर संख्या २७६८८०८।९५ को ५४।४२ प्रतिशत उपस्थिति भएकोले आजको बाह्रौ वार्षिक साधारण सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिव फणिन्द्र पाण्डेबाट सभामा जानकारी भयो साथै ताली बजाएर सभाको बैधानिकता प्रमाणित गरिदिनुहुन शेयरधनी महानुभावहरुलाई हार्दिक आग्रह गर्नुभयो र सभाबाट ताली बजाएर बैधानिकता प्रमाणित भयो ।

५. उपस्थिति :

(क) संचालकहरुको उपस्थिति :

| संस्थापक शेयरधनीहरु (समूह"क") को तर्फबाट | सर्वसाधारण शेयरधनीहरु (समूह "ख")को तर्फबाट | स्वतन्त्र संचालक |
|---|---|---|
| श्री कृष्ण वहादुर खाँण (अध्यक्ष)<br>श्री विकास गौचन (संचालक)<br>श्री शान्ता कुमारी उप्रेती पोखरेल ( संचालक)<br>श्री चन्द्र वहादुर क्षेत्री (संचालक)<br>. | श्री विश्वराज नेपाल (संचालक)- विरामी भई उपस्थिति हुन नसक्ने जानकारी प्राप्त<br>श्री केशवनारायण प्रधान (संचालक) | श्री अनुराग वाग्ले (संचालक) - विमारी भई उपस्थिति हुन नस्कने जानकारी प्राप्त |

(ख) पर्यवेक्षकहरुको उपस्थिति :

पर्यवेक्षकको रुपमा केन्द्रीय कार्यालयका कर्मचारीहरु तथा शेयर रजिष्ट्रार एन.एम.वि. क्यापिटलका प्रतिनिधी सुसेन वहादुर पाण्डे उपस्थित हुनुभएको थियो ।

(ग) शेयरधनीहरुको उपस्थिति :

| शेयरधनी | उपस्थिति | शेयर स्वामित्व(कित्तामा) |
|---|---|---|
| स्वयं उपस्थिति | ४२ | ४०९४६९ |
| प्रतिनिधि मार्फत उपस्थिति(प्रोक्सी | १५३ | १०९७३६२ |
| जम्मा उपस्थिति | १९५ | १५०६८३१ |

(घ) शेयरधनी उपस्थिति संख्या :

| बिवरण | कुल शेयर संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| संस्थापक शेयरधनी | १७८६४३५।५३ | ४०६५५५ | १०३६०५३ | १४४२६०९ | ५२।१० |
| सर्वसाधरण शेयर | ९८२३७३।४२ | २९१४ | ६१३०८ | ६४२२२ | २।३२ |
| **जम्मा** | **२७६८८०८।९५** | **४०९४६९** | **१०९७३६२** | **१५०६८३१** | **५४।४२** |

६. अध्यक्षको आसन ग्रहण :

सभाको अध्यक्षता : कम्पनी ऐन २०६३ को दफा ७४(१)तथा यस कम्पनीको नियमावली को नियम १९ (१) मा साधारण सभाको अध्यक्षता संचालक समितिका अध्यक्षले गर्ने व्यवस्था उल्लेख भएबमोजिम आजको यस बाह्रौ वार्षिक साधारण सभाको अध्यक्षता संस्थाका अध्यक्ष श्री कृष्ण वहादुर खाँणज्यूलाई कम्पनी सचिव श्री फणिन्द्र पाण्डेले हर्षसमा बोलाई आसनग्रहण गराउनुभयो ।

## ७. अन्य आसन ग्रहण :

सभामा उपस्थित रहनु भएका संचालकहरु क्रमश : श्री विकास गौचन, श्री शान्ता कुमारी पोखरेल उप्रेती, श्री चन्द्र वहादुर क्षेत्री,प्रवन्ध संचालक श्री केशवनारायण प्रधान साथै पुर्व प्रमुख निर्वाचन आयुक्त तथा यस वित्तीय संस्थाका संस्थापक शेययधनी श्री निलकण्ठ उप्रेती, यस वित्तीय संस्थाका संस्थापक अध्यक्ष तथा संस्थापक शेयरधनी श्री चन्द्र वहादुर वस्नेत, यसैगरी यस वित्तीय संस्थाका पूर्व अध्यक्ष तथा संस्थापक शेयरधनी श्री वासुदेव पौडेल, यसैगरी शेयर रजिष्ट्रार एन.एम.वि क्यापिटलका प्रतिनिधी सुसेन वहादुर पाण्डेले ड्यासमा आसन ग्रहण गर्नुभयो । सभाको कारवाही अगाडी बढाउन सभा अध्यक्षज्यूले कार्यक्रम सञ्चालक कम्पनी सचिव श्री फणिन्द्र पाण्डेलाई अनुमति प्रदान गर्नुभयो ।

स्वागत मन्तव्य वित्तीय संस्थाका संचालक श्री चन्द्रवहादुर क्षेत्रीले गर्नभएको थियो भने शुभकामना मन्तव्य यस वित्तीय संस्थाका संस्थापक अध्यक्ष तथा संस्थापक शेयरधनी चन्द्र वहादुर वस्नेत तथा पुर्व प्रमुख निर्वाचन आयुक्त तथा संस्थापक शेयरधनी निलकण्ठ उप्रेतीले गर्नुभएको थियो । यसैगरी संस्थाको हालसम्मको प्रगति तथा आगामी कार्ययोजनाका वारेमा यस वित्तीय संस्थाका प्रवन्ध संचालक केशवनारायण प्रधानले सभामा राख्नु भएको थियो ।

## ८. सभामा छलफल गरिने बिषयहरुको सूची प्रस्तुत :

सभा संचालक कम्पनी सचिवले पुर्बनिर्धारित सुचना अनुसार देहायका छलफलका बिषयहरु रहेको स्मरण गराउदै बिषयसूचिहरु बाचन गर्नुभयो ।

### (क) सामान्य प्रस्तावहरु :

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७७/२०७८ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२) आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, सोही अवधीको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व.२०७८/०७९ को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

### ख) विशेष प्रस्ताव :

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७७०७८ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.२७,६८,८०,८९५।०० को १३ प्रतिशतले हुन आउने रु.३,५९,९४,५१६।३५ बराबरको ३५९९४५।१६ कित्ता वोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

२) वोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी वृद्धि सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।

३) वित्तीय संस्थाको हाल कायम कुल पूँजी संरचनामा संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व क्रमशः ६४.५२ प्रतिशत र ३५.४८ प्रतिशत रहेकोमा नियमनकारी निकायबाट स्वीकृति प्राप्त भए पश्चात् कार्यान्वयन गर्ने गरी संस्थापक समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

४) संचालकले पाउने सुविधा सम्वन्धमा प्रवन्धपत्र नियमावलीमा संसोधन तथा थप गर्ने ।

५) यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने /गाभिने वा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गराउन सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

६) प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) विविध:

९. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

संचालक समितिका अध्यक्ष तथा सभाका सभाअध्यक्ष श्री कृष्ण वहादुर खाँणज्यूले संचालक समितिको आ.व २०७७/०७८ को बार्षिक प्रतिवेदन वाचन गरी सभामा प्रस्तुत गर्नुभयो ।

१०. सभाका अध्यक्षज्यूले संचालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभए पश्चात कम्पनीको आ.व.२०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विबरण र अनुसुचिहरु उपर समेत आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन अध्यक्षको आज्ञाले कम्पनी सचिव तथा कार्यक्रम सञ्चालकले शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भएकोमा निम्न शेयरधनी महानुभावहरु छलफलमा सक्रिय रुपमा सहभागी हुनुभई निम्न बमोजिम टिप्पणी, जिज्ञासा, राय र सुझाब प्रस्तुत गर्नुभयो ।

(क) **शेयरधनी श्री वुद्धिसागर वराल**

- अघिल्लो आ.व.मा भन्दा यस आ.व.मा वोनश शेयर ३ प्रतिशतले वढी भएकोमा संस्थाले क्रमश कारोवार वढाउदै लगेको देखिन्छ ।
- भाखा नाघेको कर्जा वृद्धिले गर्दा व्याज असुलीमा समेत असर पर्न गई नाफा नोक्सानमा समेत असर पर्न गएकाले खारव कर्जा असुली तर्फ विशेष ध्यान दिनुपर्ने ताकी यस आ.व.मा त्यसको प्रभाव संस्थामा पर्नु भएन भन्दै खराव कर्जा असुलीमा रणनीतिक योजना वनाई कार्यान्यनमा ल्याउन सुझाव ।
- प्रतिवेदन तयार पर्दा अंकको साथमा डायग्राम साथसाथै गत आ.व र यस आ.वको कारोवारमा भएको परिर्वतन लाई प्रतिशतमा समेत राख्दा स्पष्ट हुने भएकाले यसो गर्दा राम्रो हुने सुझाव ।
- कर्जा लिएको तथा कर्जा दिएको विषयमा शव्द राख्दा कर्जा लगानी र कर्जा सापट भनी स्पष्ट राख्दा राम्रो हुने सुझाव ।
- सदस्यहरुसंग परिचालन भएको निक्षेप तथा वचत के हो सोही अनुसार शीर्षक मिलाएर राख्दा राम्रो हुने सुझाव ।

(ख) **शेयरधनी श्री तेजेन्द्र लम्साल :**

- वोनश शेयर प्रस्ताव गर्दा किन कर प्रयोजनको लागी नगद लाभांस प्रस्ताव नगरेको ।
- अन्य वित्तीय संस्थाले अलि वढी वढी वोनश शेयर प्रस्ताव गरिरहदा यस वित्तीय संस्थाले किन गर्न नसकेको

- नेपाल राष्ट्र वैकवाट वित्तीय विवरण स्वीकृत गर्दा सामान्य कैफियत मात्र प्राप्त भएकाले सस्थामा हाल सुशासन तथा अन्य कियाकलापहरु पारदर्शी तथा नियमानुसार रहेको प्रष्ट हुने भन्दै राम्रो कामका लागी धन्यवाद दिनुपर्ने भनाई ।

**(ग) शेयरधनी श्री नारायण गुरुङ :**

- वार्षिक प्रतिवेदन यथा समयमा उपलव्ध गराइएको छ भनी प्रतिवेदनमा उल्लेख गरिएको तर आज मात्र प्राप्त भएको ।
- CEO / DCEO लाई किन हटाइएको त्यसको वारेमा जानकारी पाउन पाए राम्रो हुन्थ्यो ।
- वोनश लाभांस कम भयो यस आ.व.मा अन्य वित्तीय संस्थाको जति हामीले पनि लाभांस पाउनु पर्छ सोही अुनसार काम कारवाही हुन पर्‍यौ ।

**(घ) शेयरधनी श्री दण्डपानी शर्मा :**

- संस्थापक अध्यक्षलाई किन सम्मान गरिएन ।
- संस्थापक शेयर सदस्यलाई किन सधारण सभामा उपस्थितका लागी पत्रचार गरिएन ।
- साधारण सभाको विषयमा सुचना निकालेर मात्र कहां हुन्छ । हामीले राम्रोसंग वुक अध्ययन गर्नै पाएका छैनौं वुकको विषयमा कसरी वोल्ने ।

**(ङ) शेयरधनी श्री रामचन्द्र रेग्मी :**

- प्रतिवेदन समयमा उपलव्ध भएन नजिकका शेयर सदस्यलाई वेवास्ता गरियो ।
- गत आ.व. र यस आ.व.को तुलनात्मक विवरण फरक प्रतिशतमा देखाउनु पर्ने सुझाव ।
- प्रतिवेदन समयमा नै उपलव्ध गराउनु पर्ने के कति कारणले प्रतिवेदन सवैलाई उपलव्ध गराउन सकिएन यस विषयमा संचालक समितिको जवाफ दिनु पर्‍यो र अव उप्रान्त यस्तो हुन भएन भन्ने भनाई ।

**(च) शेयरधनी श्री योगेन्द्र क्षेत्री :**

- वोनश कर जम्मा गर्न गाह्रो ।
- पुजीको संरचना परिर्वतन गनुपर्ने कारण के होला, संस्थापक शेयर सदस्यको confidence नभएर हो कि के हो ।

११. शेयरधनी महानुभावहरुबाट आएका महत्वपूर्ण सुझावहरुका लागि सभाका अध्यक्षज्युबाट धन्यवाद दिदै आफ्नो तर्फबाट राय सुझाब प्रष्ट पार्नु भयो । अन्य प्राविधिक र व्यवस्थापन सम्बन्धी जिज्ञासाहरुको जवाफ दिन प्रवन्ध संचालक श्री केशवनारायण प्रधान तथा कम्पनी सचिव श्री फणिन्द्र पाण्डेलाई निर्देशन दिनुभयो ।

अध्यक्षज्यूको अनुमतिले प्रवन्ध संचालक श्री केशवनारायण प्रधान तथा कम्पनी सचिव श्री फणिन्द्र पाण्डेले शेयरधनीहरुले उठाउनु भएको जिज्ञासा, राय सुझावहरुको समष्टिगत रुपमा प्रष्ट पार्दै शेयरधनीहरुबाट आएका गहन सुझावहरुलाई आगामी दिनमा मनन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै साधारण सभा सम्बन्धी विधि र प्रक्रियाको विषयमा समेत प्रष्ट पार्नु भयो ।

## १२. सभाबाट भएका निर्णयहरु :

(क) **साधारण प्रस्ताव :**

**१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७७/२०७८ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।**

निर्धारित बिषय सूची साधारण प्रस्ताव नं.१ संचालक समितिको तर्फवाट अध्यक्षज्युद्धारा आर्थिक बर्ष २०७७/०७८ को वार्षिक प्रतिबेदन माथि छलफल गरी पारित गर्ने सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिबेदन सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारीत गर्नुभयो सो पश्चात सभाका अध्यक्ष ज्यूबाट सर्बसम्मत प्रस्ताब पारीत भएको घोषणा गर्नुभयो ।

**२) आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, सोही अवधीको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।**

निर्धारित बिषयसुची साधारण प्रस्ताव नं.२ आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, सोही अवधीको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिबेदन सभामा उपस्थित शेयरधनिहरुले तालि बजाएर पारीत गर्नुभयो सो पश्चात सभाका अध्यक्ष ज्यूबाट सर्बसम्मत प्रस्ताब पारीत भएको घोषणा गर्नुभयो ।

**३) कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व.२०७८/०७९ को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।**

निर्धारित विषय सूचि साधारण प्रस्ताव नं. ३ कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व.२०७८/०७९ को वाह्य लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने रहेकोमा सभाको जानकारकिो लागी लेखापरीक्षण समितिको सिफारिस वमोजिम यस वित्तीय संस्थाको आ.व. २०७८।०७९ को वाह्य लेखापरीक्षण कार्य गर्न श्री वाई.आर.बी.एण्ड एसोसिएटस,चार्टर्ड एकाउन्टेन्ट्सलाई लेखापरीक्षण कार्य सम्पन्न गरी वित्तीय विवरण तयार, कर लेखा परीक्षण र नेपाल राष्ट्र वैकको निर्देशन अनुसार NFRS प्रतिवेदन समेत तयार पार्ने गरी लेखा परीक्षण शुल्क तथा अन्य खर्च वापत प्रचलित कर (भ्याट) वाहेक रु.४०००००।- (अक्षेरुपी चार लाख मात्र ) प्रदान गर्ने गरी वाह्य लेखापरीक्षक नियुक्त गर्न सिफारिस सहित आसन्न साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय भए बमोजिम उक्त सिफारिस यस सभामा निर्णयार्थ प्रस्तुत भएकोमा उपस्थित शेयरधनिहरुले ताली बजाएर पारीत गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारीत भएको घोषणा गर्नुभयो ।

(ख) **विशेष प्रस्ताव :**

**१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७७०७८ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.२७,६८,८०,८९५।०० को १३ प्रतिशतले हुन आउने रु.३,५९,९४,५१६।३५ बराबरको ३५९९४५।१६ कित्ता वोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।**

निर्धारित विषय सूचि विशेष प्रस्ताव नं १ सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०७७०७८ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु.२७,६८,८०,८९५।०० को १३ प्रतिशतले हुन आउने रु.३,५९,९४,५१६।३५ बराबरको ३५९९४५।१६ कित्ता वोनस शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने प्रस्ताव

सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारीत गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारीत भएको घोषणा गर्नुभयो ।

**२) वोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी वृद्धि सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।**

निर्धारित विषय सूचि विशेष प्रस्ताव नं २ वोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम प्रबन्धपत्रको दफा-६ मा जारी तथा चुक्ता पूँजी वृद्धि सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताब सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारीत गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताब पारीत भएको घोषणा गर्नुभयो ।

**३) वित्तीय संस्थाको हाल कायम कुल पूँजी संरचनामा संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व क्रमशः ६४.५२ प्रतिशत र ३५.४८ प्रतिशत रहेकोमा नियमनकारी निकायबाट स्वीकृति प्राप्त भए पश्चात् कार्यान्वयन गर्ने गरी संस्थापक समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने ।**

निर्धारित विषय सूचि विशेष प्रस्ताव नं ३ वित्तीय संस्थाको हाल कायम कुल पूँजी संरचनामा संस्थापक तथा सर्वसाधारण समूहको शेयर स्वामित्व क्रमशः ६४.५२ प्रतिशत र ३५.४८ प्रतिशत रहेकोमा नियमनकारी निकायबाट स्वीकृति प्राप्त भए पश्चात् कार्यान्वयन गर्ने गरी संस्थापक समूहको शेयर स्वामित्व ५४.५२ प्रतिशत र सर्वसाधारण समूहको शेयर स्वामित्व ४५.४८ प्रतिशत कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताब सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारीत गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारीत भएको घोषणा गर्नुभयो ।

**४) संचालकले पाउने सुविधा सम्वन्धमा प्रवन्धपत्र नियमावलीमा संसोधन तथा थप गर्ने ।**

निर्धारित विषय सूचि विशेष प्रस्ताव नं ४ संचालकले पाउने सुविधा सम्वन्धमा प्रवन्धपत्र नियमावलीमा संसोधन तथा थप गर्ने यस सभाको जानकारीको लागी यस वित्तीय संस्थाको हाल रहेको संचालक समितिको वैठक भत्ता प्रति वैठक अध्यक्षको रु.४०००। तथा अन्य संचालकहरुको रु.३५००। र संस्थाको कामको सिलसिलामा तथा संचालक समितिको वैठकमा भाग लिन आउँदा जादाको दैनिक भ्रमण भत्ता वापत अध्यक्ष तथा संचालकलाई स्वदेशमा रु.३,०००। सुविधा रहेकोमा हालको अवस्थामा उक्त सुविधा कम भएको महसुस भई संचालक समितिको वैठक भत्ता प्रति वैठक अध्यक्षको रु.५०००। तथा अन्य संचालकहरुको रु.४५००। र संस्थाको कामको सिलसिलामा तथा संचालक समितिको वैठकमा आउदा जादाको दैनिक भ्रमण भत्ता वापत अध्यक्ष तथा अन्य संचालकहरुलाई स्वदेशमा रु ४०००। सुविधा हुनेगरी सिफारिस सहित आसन्न साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताब सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारीत गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्बसम्मत प्रस्ताब पारीत भएको घोषणा गर्नुभयो ।

५) **यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने /गाभिने वा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गराउन सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।**

निर्धारित विषय सूचि विशेष प्रस्ताव नं ५ यस वित्तीय संस्थाले एक वा एक भन्दा बढी उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने /गाभिने वा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारी पत्रमा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्न परामर्शदाता, मुल्यांकनकर्ता तथा लेखापरीक्षक नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानुन बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गराउन सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताब सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारीत गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताब पारीत भएको घोषणा गर्नुभयो ।

६) **प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

निर्धारित विषय सूचि विशेष प्रस्ताव नं ६ प्रबन्धपत्र/नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिमार्जन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रस्ताब सभामा उपस्थित शेयरधनीहरुले ताली बजाएर पारीत गर्नुभयो सो पश्चात सभाका अध्यक्षज्यूबाट सर्वसम्मत प्रस्ताब पारीत भएको घोषणा गर्नुभयो ।

**प्रबन्धपत्रमा संशोधन सम्बन्धमा विशेष प्रस्तावसंग सम्बन्धित तीन महले विवरण**

| दफा | प्रवन्धपत्रको हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ६(ख) | वित्तीय संस्थाको जारी पूँजी रु २७,६८,८०,८९५।- (अक्षेरुपी सत्ताईस करोड अडसट्ठी लाख असी हजार आठ सय पन्चानब्बे मात्र) हुनेछ । | वित्तीय संस्थाको जारी पूँजी रु ३१,२८,७५,४११।३५ (अक्षेरुपी एकतिस करोड अट्ठाइस लाख पचहत्तर हजार चार सय एघार रुपैया पैतिस पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००।- दरका ३१,२८,७५ ४।११ (एकतीस लाख अट्ठाइस हजार सात सय चौवन्न दशमलव एघार) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | वित्तीय संस्थाले बोनस शेयर जारी गरे पश्चात पूँजी बृद्धि भएकोले । |
| ६(ग) | वित्तीय संस्थाको चुक्ता पूँजी रु २७,६८,८०,८९५।- (अक्षेरुपी सत्ताईस करोड अडसट्ठी लाख असी हजार आठ सय पन्चानब्बे मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पूँजी रु ३१,२८,७५,४११।३५ (अक्षेरुपी एकतीस करोड अट्ठाइस लाख पचहत्तर हजार चार सय एघार रुपैया पैतिस पैसा मात्र) हुनेछ । सो पूजीलाई प्रति शेयर रु १००।- दरका ३१,२८,७५ ४।११ (एकतीस लाख अट्ठाइस हजार सात सय चौवन्न दशमलव एघार) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | वित्तीय संस्थाले बोनस शेयर जारी गरे पश्चात पूँजी बृद्धि भएकोले । |

| | | | |
|---|---|---|---|
| ६(ङ) | संस्थापक शेयरधनीहरुलाई समुह (क) मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ६४.५२ प्रतिशत हुनेछ । | संस्थापक शेयरधनीहरुलाई समुह (क) मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ५४.५२ प्रतिशत हुनेछ । | संस्थापक तथा सर्वसाधरण शेयरधनी समुहमा शेयर स्वामित्व परिर्वतन हुने भएकोले । |
| ६(च) | सर्वसाधारण शेयरधनीहरुलाई समुह (ख) मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ३५.४८ प्रतिशत हुनेछ । | सर्वसाधारण शेयरधनीहरुलाई समुह (ख) मा वर्गिकरण गरिएको छ र यो समुहको शेयर स्वामित्व ४५.४८ प्रतिशत हुनेछ । | संस्थापक तथा सर्वसाधरण शेयरधनी समुहमा शेयर स्वामित्व परिर्वतन हुने भएकोले । |

**नियमावली संशोधन सम्बन्धमा विशेष प्रस्तावसंग सम्बन्धित तीन महले विवरण**

| नियम | नियमावलीको हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| नियम ३२ १ (क) | (क).सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले रु.४०००।- र अन्य सञ्चालकले प्रति बैठक भत्ता रु.३५००।- हुनेछ । साथै अध्यक्ष र प्रत्येक संचालकलाई मोवाईल खर्च बापत मासिक रु.१०००।- प्रदान गरिने छ । | (क).सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले रु.५०००।- र अन्य सञ्चालकले प्रति बैठक भत्ता रु.४५००।- हुनेछ । साथै अध्यक्ष र प्रत्येक संचालकलाई मोवाईल खर्च बापत मासिक रु.१०००।- प्रदान गरिने छ । | समय सापेक्ष बैठक भत्ता तथा अन्य सुविधा संसोधन गर्न उपयुक्त देखिएकाले । |
| नियम ३२ १ (ख) | (ख).लघुवित्त विकास बैकको कामको सिलसिलामा तथा संचालक समितिको बैठकमा भाग लिन आउँदा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>अ.स्वदेशमा दैनिक भत्ता रु.३०००।-<br>आ. भारतमा भा.रु.३०००।-<br>इ.भारत वाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकन डलर २००।-<br>ई. भ्रमण भत्ता विल वमोजिम । | (ख).लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा तथा संचालक समितिको बैठकमा भाग लिन आउँदा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।<br>अ. स्वदेशमा दैनिक भत्ता रु.४०००।-<br>आ. भारतमा भा.रु.३०००।-<br>इ.भारत वाहेक अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकन डलर २००।-<br>ई. भ्रमण भत्ता विल वमोजिम । | समय सापेक्ष बैठक भत्ता तथा अन्य सुविधा संसोधन गर्न उपयुक्त देखिएकाले । |

**१४. बिविध प्रस्ताव अन्तरगत कुनै पनि प्रस्तावहरु दर्ता नभएकाले कुनै निर्णय भएन ।**

**१५. धन्यबाद ज्ञापन :**

संस्थाको बाह्रौ वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितका लागि अति नै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुची राखी संचालक समिति तथा ब्यबस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दै सफलतापूर्वक सभा संचालनमा सहयोग पुऱ्याउनुहुने कम्पनी ब्यवस्थापन एवं सम्पूर्ण कर्मचारीहरु प्रति सभाका अध्यक्षज्यूबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१६. सभा बिसर्जन :**

अन्त्यमा, सभाका अध्यक्ष तथा संस्थाका अध्यक्ष श्री कृष्ण वहादुर खाँणज्यूले छलफल गर्नुपर्ने कुनै बिषय बाँकी नरहेको हुनाले वित्तीय संस्थाको बाह्रौ वार्षिक साधारणसभा अपरान्ह २:०० बजे बिसर्जन गर्नुभयो ।

.................................
(फणिन्द्र पाण्डे)
कम्पनी सचिव

.................................
( कृष्ण वहादुर खाँण)
सभाका अध्यक्ष